# बुद्धशान्ति गाउँपालिका

## बुधवारे, झापा

## २०८३ बैशाख महिनामा बसेको कार्यपालिका बैठकका निर्णयहरु

मितिः २०८३।०१।१० गते २२ औं बैठकका निर्णयहरु

१. मिति २०८३।०१।०८ मा बसेको भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल व्यवस्थापन समितिको निर्णय सहित सिफारिस भए बमोजिम मे.अ. डा. सुमन सिवाकोटीले पदबाट दिएको राजिनामा मिति २०८३ जेठ १ देखि लागु हुने गरी स्वीकृत गरी सो सहित रिक्त रहेका तपसिलका पदहरुमा करार सेवामा भर्ना गर्ने प्रक्रिया अघि बढाउने,-

| क्र स | पद | संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | २ | अधिकृतस्तर आठौं | |
| २ | रेडियोग्राफर | २ | सहायकस्तर पाँचौ | |
| ३ | हेल्थ असिष्टेण्ट | १ | सहायकस्तर पाँचौ | |

२. कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट युमा महारानी मांहिम निर्माण, बुद्धशान्ति ४ झापाका लागि विनियोजन भएको रु ५,००,०००।– को योजना कार्यान्वयन स्थल सार्वजनिक/ऐलानी जग्गा रहेको । यस सम्बन्धमा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु आफ्नो नाममा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण कार्यको प्रक्रियाहरु थालनी नगर्न नगराउन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।०३।१० को पत्रानुसार सुझाव प्राप्त भएकोले योजना कार्यान्वयनका लागि आवश्यक सहजिकरण एवं निर्देशनका लागि कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय समक्ष लेखि पठाउने।

३. हाल मुलुकमा ईन्धनको मुल्यवृद्धिका कारण कार्यालयको जेसिबि र अपरेटर सर्वसाधारणले प्रयोग गर्ने प्रयोजनार्थ हालको दररेटमा तपसिल बमोजिम दररेट समायोजन गर्ने,-

तपसिलः

| विषय | साविक दररेट | समायोजन पछिको दररेट |
|---|---|---|
| जे.सि.बि. प्रयोग प्रतिघण्टा | रु २०००/- | ३०००/-(२०८३ बैशाख ११ देखि लागु) |
| जे.सि.बि. चालक अपरेटरको थप प्रोत्साहन भत्ता दर प्रति घण्टा | रु १००/- | १२५/- (२०८३ बैशाख देखि लागु) |

४. हालको ईन्धन र निर्माण सामग्रीमा भएको अस्वभाविक मुल्यवृद्धिका कारण संघीय सरकार, प्रदेश सरकारबाट हस्तान्तरण भई संचालनमा रहेका ससर्त समेतका योजनाहरु एवं यस कार्यालयबाट सञ्चालन भएका योजनाहरुका सम्बन्धमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले सामग्रीहरुको अभाव, मुल्यवृद्धिका कारण सम्झौता बमोजिम दररेटमा तोकिएको समयावधीमा कार्य सम्पन्न गर्न नसकिने लगायतको व्यहोरा खुलाई ध्यानाकर्षण समेत गराएको अवस्थालाई मध्यनजर गरी विकास निर्माण कार्य यसै आ.व. मा सम्पन्न हुन नसक्दा ससर्त योजनाहरुमा सुनिश्चित भएको बजेट समेत फ्रिज भई जादा आगामी आ.ब. मा दायित्व सार्न नसकिने देखिएको कारण योजनाहरु अलपत्र हुनबाट जोगिना समयमानै निर्माण कार्यको वातावरण बनाइदिन भनी प्रदेश एवं सङ्घीय सरकारलाई अनुरोध गर्ने।

५. यस गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरुले प्रदेश सरकार समक्ष साझेदारी मार्फत विद्यालय बस खरिद लगायतको कार्यक्रम प्रदेश योजना बैङ्क मार्फत माग गर्दा तपसिलको साझेदारी हिस्सा रहने गरी साझेदारी रकमको प्रतिवद्धता जनाउने,-

तपसिलः

क. प्रदेश सरकार- कुल लागतको ५० प्रतिशत
ख. गाउँपालिका- कुल लागतको १५ प्रतिशत
ग. सम्बन्धित विद्यालय- कुल लागतको २५ प्रतिशत
घ. सम्बन्धित विद्यालय रहेको वडा कार्यालय- कुल लागतको १० प्रतिशत

मितिः २०८३।०१।२२ गते २३ औं बैठकका निर्णयहरु

१. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न दफा ७(ई) बमोजिमको समितिलाई मापदण्डको दफा ५ को उपदफा (३) बमोजिम पूर्वस्वीकृति प्रदान गर्ने।

२. यस कार्यालयको मे. १. झ १४४ र प्र.१.०१.००१ झ २२२ नम्बरको दुई वटा चारपाङ्ग्रे सवारी साधन गत भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा आगजनीमा परी नष्ट भएकोले सो को सिद्धार्थ प्रिमियम इन्स्योरेन्स लिमिटेडसँग भएको सवारी साधनको बीमा दावी गरी उक्त सवारीको दावी मूल्याङ्कन भई रकम स्वीकारका लागि सिद्धार्थ प्रिमियम ईन्स्योरेन्स लिमिटेडबाट दाबी फछ्यौट पूर्जा अनुसार प्राप्त हुन आएको रकम स्वीकार गर्ने। साथै, उक्त रकमबाट एक थान कार्यालय प्रयोजनका लागि डबल क्याब सामग्री समेत बोक्न मिल्ने डालो सहितको चारपाङ्ग्रे सवारी खरिद गर्ने प्रक्रिया अघि बढाउने।

३. मिति २०८३।०१।१० गते भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रकाशन गरेको भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी जरुरी सूचना बमोजिम यस गाउँपालिकाको तर्फबाट सेवा प्रवाह गर्न मन्त्रालयमा माग गर्ने।

४. बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क सञ्चालन कार्यविधि, २०८२ को पहिलो संशोधन गर्ने,

५. यस गाउँपालिकाको स्वामित्वमा संचालनमा रहेका व्यवसायिक सटरहरुको सम्झौता अवधिको म्याद थप गर्ने,-

६. साविक शान्तिनगर गाविसको नाममा दर्ता भएको जग्गामा बर्षौदेखि अन्य व्यक्तिहरुले भोगचलन गरिरहेको सम्बन्धमा सो वडा कार्यालयबाट लगत विवरण माग गरी आवश्यक कार्य अघि बढाउने।

७. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, झापाबाट सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धको पत्रका सम्बन्धमा व्यापक छलफल भयो। सो बमोजिमको विवरण संकलन लगायत कार्य गर्न कार्यालयको तर्फबाट लगत संकलनका लागि १५ दिने एक सार्वजनिक सूचना आव्हान गर्ने।

८. सामुदायिक विद्यालयका दलित विद्यार्थीलाई ट्युसन कक्षा संचालन शिर्षकमा विनियोजन भएको रु एक लाख रकमबाट तपसिलका विद्यालयहरु छनौट गरी कक्षा ५ देखि १० सम्मका दलित समुदायका विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि गर्न मुख्य विषयहरुको ट्युसन कक्षा (अतिरिक्त कक्षा) उपयुक्त समयमा शिक्षा शाखा मार्फत संचालन गर्ने,-

| क्र स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|

| | | |
|---|---|---|
| १ | श्री सरस्वती आधारभूत विद्यालय | बुद्धशान्ति २ |
| २ | श्री शिशुसुधार आधारभूत विद्यालय | बुद्धशान्ति ३ |
| ३ | श्री त्रिभुवन माध्यमिक विद्यालय | बुद्धशान्ति १ |
| ४ | श्री आदर्श माध्यमिक विद्यालय | बुद्धशान्ति २ |

९. बिरिङखोलाको नदीजन्य पदार्थको उत्खनन सम्बन्धमा अर्जुनधारा नगरपालिकाबाट संयुक्त ठेक्का आव्हान गरिदै आएकोमा आगामी आ.ब. २०८३।८४ बाट बुद्धशान्ति गाउँपालिका र अर्जुनधाराको संयुक्त नाकाको नदीजन्य पदार्थको उत्खनन सम्बन्धी कार्य यस गाउँपालिकाबाटै अघि बढाउन अनुरोध गर्ने।

१०. सङ्घीय सरकारबाट हस्तान्तरण भएको समपुरक अनुदान तर्फ गाउँपालिकाको प्रशासनिक भवन निर्माण योजना ठेक्का नम्बर 11-BRM/Works/079/80 Buddhashanti Rural Municipality Administrative Building Construction (Multiyear Project) निर्माणको अन्तिम चरणमा पुगेको भएता पनि उक्त योजनामा पूर्वानुमान गर्न नसकिने लिफ्टको एम. एस. च्यानल को काम थप गर्नुपर्ने, UPVC Door को काम थप गर्नुपर्ने, Enamel paint on Metal Surface थप गर्नुपर्ने, Electrification Work मा Power Cables थप गर्नुपर्ने तथा Computer Networking को परिमाण थप गर्नुपर्ने जसबाट योजना पूर्ण हुने देखिएकोले उक्त ठेक्काको रकमबाट सार्बजनिक खरिद ऐन २०६३ दफा ५४ तथा सार्बजनिक खरिद नियामावली २०६४ को नियम ११८ बमोजिम भेरिएसन अर्डर तयार गर्ने प्रयोजनका लागि पूर्वाधार विकास शाखालाई पूर्वस्वीकृति प्रदान गर्ने।

११. BRM/NCB/WORKS/082/083-12, Construction works of Cold Chamber and Agricultural Market Yard at Buddhashanti RM ward 3 and 4 को Design and Dimension समेत पुनरावलोकन गर्नुपर्ने आवस्यकता भएकोले सार्बजनिक खरिद ऐन, २०६३ दफा ५४ तथा सार्बजनिक खरिद नियामावली, २०६४ को नियम ११८ बमोजिम भेरिएसन आदेश जारी गर्न प्राबिधिक प्रतिबेदन पेस गर्न पूर्व स्वीकृति दिने।

१२. बुद्धशान्ति १ निवासी हरि चम्लागाई र हेमकला कटुवालले आफ्नो घर अगाडी बनाएको कम्पाउण्ड पर्खाल निर्माण सम्बन्धमा भएको विवाद सम्बन्धमा कार्यालयले सो को नक्सा अध्ययन, बाटोको चौडाई एवं घर नक्सा पास सम्बन्धी अध्ययन गरी यथार्थ प्राविधिक प्रतिवेदन उपलब्ध गराउन पूर्वाधार विकास शाखामा पठाउने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विषयहरुको विस्तृत विवरण कार्यालयबाट प्राप्त गर्न सकिनेछ।